# ललितपुर उद्योग वाणिज्य संघ
# LALITPUR CHAMBER OF COMMERCE & INDUSTRY

मिति : २०७७ जेठ २१ गते

पत्र संख्या : लउवा/२०७७/च.नं. ४५७

## प्रेश विज्ञप्ती

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) को संक्रमणलाई फैलन नदिन र सोको रोकथाम तथा नियन्त्रण गर्न नेपाल सरकारले गत: २०७६ चैत्र ११ गते देखि लकडाउनको धोषणा गरे पश्चात देशमा अति आवश्यक केहि उद्योग, व्यापार तथा व्यवसाय बाहेक अन्य सबै प्रकारका उद्योग व्यापार व्यवसाय लगायत आर्थिक गतिविधिहरु प्राय ठप्प रहेको छ । महिनौ महिनासम्मको लकडाउनका कारण पुंजीको तरलतामा गम्भीर असर परिरहेको अवस्थामा निजी क्षेत्रलाई आफ्ना कर्मचारी तथा मजदुरको पारिश्रमिक, बैंक तथा वित्तिय संस्थाबाट लिएको ऋणको व्याज र किस्ता, घर तथा गोदामको भाडा कसरी भुक्तानी गर्ने भन्ने चिन्ता रहेको छ भने सधैं भरि लकडाउनको अबस्थाले आर्थिक सुचांक नकरात्मक हुन गई देश र जनतालाई अपूर्णिय आर्थिक क्षेति पर्न सक्ने वर्तमान अवस्था छ । अझ आन्तरिक राजश्व विभागबाट जारी २०७७ जेठ १९ गतेको सूचनाले झन मर्माहत पुऱ्याएको छ ।

अत: सरकारले हालको लकडाउनको मोडालिटि परिवर्तन गरि आर्थिक गतिविधि चलायमान गर्न निश्चित समयका लागि सुरक्षा एवं सामाजिक दुरी कायम राख्ने गरि उद्योग व्यापार व्यवसाय संचालन गर्ने वातावरण बनाउनु पर्छ भन्ने ललितपुर उद्योग वाणिज्य संघको धारणा रहेको छ । यसको लागि छिट्टै नै सरकारले आवश्यक व्यवस्था मिलाई आर्थिक क्षेत्र चलायमान गर्न ललितपुर उद्योग वाणिज्य संघ जोड्दार माग गर्दछ ।

कृष्ण लाल महर्जन
अध्यक्ष

P.O. Box: 26, Mangalbazar, Lalitpur, Nepal
Tel : 977-1-5521740, 5530663, 5539963
Fax: 977-1-5530661
E-mail: lcci@ntc.net.np
Facebook: www.facebook.com/lcci.org.np

STOP Child Labour

पो.ब.नं. : २६, मंगलबजार, ललितपुर, नेपाल
फोन : ९७७-१-५५२१७४०, ५५३०६६३, ५५३९९६३
फ्याक्स : ९७७-१-५५३०६६१
www.lcci.org.np